नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

(स्थानीय प्रशासन शाखा)

पत्र संख्या : २०७९/०८०
चलानी नम्बर : ______

## *जिल्ला प्रशासन कार्यालय, गोरखाको सार्वजनिक सूचना!!*

सुख्खा तथा हावाहुरी चल्ने मौषममा घर, वस्ती तथा वनजंगलमा डढेलो तथा आगलागिको जोखिम बढ्दै गएको अवस्था छ। यसै जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय, गोरखाबाट आगलागि हुनै नदिने तथा आगलागी भईहालेको अवस्थामा बच्ने/बचाउने उपायहरु सहितको जनचेतनामूलक सूचना सम्वन्धित सबैमा जारी गरिएको छ। यदि कोही कसैले वनजंगलमा डढेलो लगाएको पाएमा प्रचलित कानून बमोजिम कडा कारवाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

### *आगलागि हुन नदिन के गर्ने?*

१. खाना पकाईसकेपछि आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाइहालौ।
२. सिलिन्डरको रेगुलेटर, पाइपबाट वा चुल्होबाट ग्यास लिक भएको छ कि छैन भन्ने ख्याल राखौ। ग्यासको गन्ध आएमा बेवास्ता नगरौ र सावधानी अपनाऔं।
३. चुरोट, बिडि, तमाखु, सुल्पा, चिलिम आदि धुम्रपानजन्य वस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगलागिको मुख्य कारण पनि हुन। त्यसैले यस्ता वस्तुहरुको प्रयोग नगरौं। यदि प्रयोग भएमा यसको आगो राम्रोसँग निभाऔं।
४. पुजा कोठा वा अन्य ठाउँमा धुपबत्ती, दियो बाल्दा नजिकै तेल, कागज, कपडा र अन्य छिटै आगो लाग्ने (सल्कने) खालका वस्तुहरु नराखौं।
५. बिजुलीका तार, स्विच, प्लग तथा वायरिङ्ग ठीक अवस्थामा छन् छैनन् नियमित जाँच गरौ। ठीक अवस्थामा नभए आवश्यक मर्मतसम्भार गरौ र सम्भावित जोखिम न्युनीकरण गरौ।
६. मल्टिप्लग, पानी तताउने जग, टिभि, पंखा तथा अन्य विद्युतीय उपकरणहरु काम सकिने बितिकै बन्द गरौं।
७. सलाई र लाइटर जस्ता आगो सल्काउने चिज र मट्टितेल, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशील पदार्थहरू बालबालिकाको पहुँच भन्दा टाढा राख्ने र वयस्क व्यक्तिहरूले समेत सावधानी पूर्वक प्रयोग गरौं।
८. गोठमा, बारीमा या अन्य ठाउँमा गाईवस्तुलाई खुवाउने कुडो पकाइसकेपछि राम्ररी पानी हालेर आगो निभाउने गरौं।
९. खेतबारी तथा वनजंगलमा अनावश्यक रुपमा आगो लगाउने, आगो लगाएर छोड्ने काम नगरौं।
१०. घर तथा कार्यस्थलमा आगो निभाउने उपलब्ध भए सम्मका साधनहरु पूर्व तयारी अवस्थामा राख्ने र प्रयोगका विधि समेत जानी राखौ।
११. घर तथा कार्यालयमा स्रोतसाधनको उपलब्धता भएसम्म फायर अलार्म र आगो निभाउने उपकरणको जडान गरौं।

प्रशासकिय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

URL: daogorkha.moha.gov.np, Email: dao.gorkha@gmail.com, Email: dao.gorkha@moha.gov.np
फोन नं.:- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स :- ०६४४२०१८९

१२. आगलागिको जोखिममा रहेका घर, बस्ति नजिकै पोखरी, ट्याङ्की वा अन्य कुनै तरिकाले पानीको जोहो गरी राखौं, स्याउला, माटो, बालुवा थुपारेर राखौ, त्यसले आपतकालीन अवस्थामा छिटो छरितो रुपमा प्रयोग गर्न सकिन्छ र क्षति कम गर्न सकिन्छ।

१३. वन जंगलमा अनावश्यक रूपमा आगो नलगाऔ, लगाउन परे पनि समुहमा नियन्त्रित तरिकाले मात्रै आगो लगाइ, काम सकिएपछि लगाएको आगो पूर्ण रुपमा निभाऔं।

***<u>सावधानी अपनाउदा अपनाउदै पनि यदि आगलागिको घटना भयो भने के गर्ने?</u>***

१. आगो लागेको थाहा पाउने बित्तिकै छरछिमेकलाई गुहार लगाउने, सहयोग माग्ने।
२. दमकल र प्रहरीलाई खबर गरिहाल्ने।
३. पानी, माटो, बालुवा, हरियो स्याउला जे छ त्यहि एक अर्कालाई पास गर्दै सुरक्षित तरिकाले आगो निभाउने।
४. बालबालिका, सुत्केरी, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखि सुरक्षित स्थानमा पुऱ्याउने।
५. दमकललाई आगलागि भएको ठाउँसम्म पुग्ने छोटो र सजिलो बाटो बताइदिने।
६. आगो निभाउन जाँदा एकै ठाउमा नउभिने। सबैभन्दा पहिले आफु सुरक्षित हुने र अरुको सुरक्षार्थ खटिने गरौं।
७. परम्परागत खेती प्रणली अपनाउने क्रममा पातपतिङ्गरमा आगो लगाउने, मल बनाउने र किरा फट्याङ्ग्रा मार्ने उदेश्यले पनि ठुला आगलागीका घट्ना हुने गरेको पाइन्छ। तर यसले वनको परिस्थितिक प्रणाली नै विग्रन गई मानव जीवनलाई नै संकटमा पर्दै गइरहेको छ। अत: मानव जीवनकै संरक्षणको लाग आगलागिबाट बचौं र बचाऔं।

**मिति: २०७९ चैत्र ३० गते**

..................
छविलाल श्रेष्ठ
प्रशासकीय अधिकृत


**URL: daogorkha.moha.gov.np, Email: dao.gorkha@gmail.com, Email: dao.gorkha@moha.gov.np**
फोन नं.:- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स :- ०६४४२०१८९